नेपाली भाषा संस्करण

ネパール語



# पारस्परिक रूपमा पहिचान गरौं

## राष्ट्रहरू बीचको भिन्नता



## संस्कृतिहरू बीचको भिन्नता

नारिता सहर

बहुसांस्कृतिक सहजीवन नीति

# बहुसांस्कृतिक सहजीवन भनेको के हो?

बहुसांस्कृतिक सहजीवन भनेको फरक राष्ट्रियता र जाति भएका मान्छेहरूले एकअर्काको संस्कृति बीचको भिन्नताको पहिचान गरी, कुनै भेदभाव बिना, समान स्थानमा उभिएर एकै नारिता सहरको निवासीको रूपमा सँगै दैनिक जीवन बिताउनु हो।



# नीतिको बारेमा

बसोबास गर्ने सबैले जीवनयापन गर्न सजिलो हुने सहर बनाउनु आवश्यक हुन्छ।

एकअर्कले अर्कोको संस्कृतिलाई बुझेर, विभिन्न विचार गर्ने तरिकालाई  पारस्परिक रूपमा पहिचान गर्ने समाज बनाउनको लागि नारिता सहरको बहुसांस्कृतिक सहजीवनको लक्ष्य लिई  हामीले हाम्रो विचारलाई संक्षिप्त बनाएका छौं।

## आधारभूत विचारधारा

सबैले एकअर्कालाई महत्त्वपूर्ण मानी, विभिन्न विचारहरू स्वीकार गरी सँगै जिउन सक्ने सहर

↓

## आधारभूत लक्ष्य

| | | | |
|---|---|---|---|
| सबैले सँगै जीवनयापन गर्न सक्ने वातावरणको निर्माण | ढुक्क भएर जीवनयापन गर्न सक्ने सहरको निर्माण | हरेक व्यक्तिको भिन्नतालाई महत्त्व दिने सहरको निर्माण | प्रत्येकको राम्रो गुणलाई विकास गर्ने सहरको निर्माण |

↓

## 11 को उपायहरूलाई अगाडि बढाउने तरिका

# नारिता सहरको बसोबास गर्ने विदेशी नागरिकको स्थिति

## जनसंख्यामा देखिएको परिवर्तन

नारिता सहरमा निवासी दर्ता गरिएको विदेशी नागरिकको संख्यालाई 2017 साल मार्चको अन्त्यको संख्यासँग तुलना गर्ने हो भने, विगत 4 वर्षको अवधिमा 1,628 जना, 38.3% वृद्धि भएको छ।




## राष्ट्र तथा क्षेत्र अनुसारको जनसंख्या

विदेशी नागरिकको वृद्धिसँगै राष्ट्र तथा क्षेत्रको संख्या पनि वृद्धि भइरहेको छ र 2017 साल मार्चको अन्त्यको 63 राष्ट्र तथा क्षेत्रबाट 2021 साल मार्चको अन्त्यमा 66 राष्ट्र तथा क्षेत्रमा बढेको छ।



# नीतिको विवरण

| लक्ष्य | उपायहरूलाई अगाडि बढाउने तरिका | मुख्य गतिविधिहरू |
|---|---|---|
| सबैले सँगै जीवनयापन गर्न सक्ने वातावरणको निर्माण | ① सहरको सूचना र उपयोगी जानकारी विदेशी भाषाहरूमा प्रकाशन गर्ने। परामर्श लिन सक्ने ठाउँ बनाउने। | विदेशी नागरिकको लागि समग्र परामर्श काउन्टर खोल्ने। विभिन्न राष्ट्रका भाषाहरूमा पम्पलेट (पर्चा) बनाउने। |
| | ② विदेशी नागरिकहरूले अझ धेरै जापानी भाषा सिक्न सक्ने व्यवस्था मिलाउने। | विदेशी नागरिकको लागि जापानी भाषाको क्लास खोल्ने। |
| | ③ अझ धेरै जापानको संस्कृति थाहा पाउने। | विदेशी नागरिकको लागि उपयोगी हुने जानकारी प्रदान गर्ने। भिजिट कोर्स सञ्चालन गर्ने। |
| ढुक्क भएर जीवनयापन गर्न सक्ने सहरको निर्माण | ④ अध्ययन तथा सिक्न सक्ने वातावरण बनाउने। | विदेशी प्राथमिक, निम्न माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरू भएका ठाउँमा जापानी भाषा सिकाउने शिक्षक जाने। संसारका विभिन्न राष्ट्रहरू थाहा पाउनको लागि क्लास सञ्चालन गर्ने। |
| | ⑤ ढुक्क भएर काम गर्न सक्ने वातावरण बनाउने। | काममा आवश्यक सीप सिकाउने। व्यापार सुरु गर्न चाहने व्यक्तिलाई सहयोग गर्ने। |
| | ⑥ विपद् आएको अवस्थामा बचाउने प्रणाली बनाउने। | भुकम्प तथा ताइफुनको सामनाको लागि योजना बनाउने। सहरबाट पठाइने इमेल जानकारी विभिन्न राष्ट्रका भाषाहरूमा पठाउने। |
| | ⑦ शिशु स्याहार, स्वास्थ्य, कल्याण र चिकित्सा सेवा उपलब्ध गराउने। | मातृशिशु स्वास्थ्य पुस्तिका वितरण गर्ने। शिशु स्याहारबारे चिन्ता वा फिक्री आदिबारे परामर्श दिने। |
| | ⑧ घर खोज्नको लागि सहयोग गर्ने। | आवास सेफ्टिनेट प्रणालीको प्रयोग गर्ने। |
| हरेक व्यक्तिको भिन्नतालाई महत्त्व दिने सहरको निर्माण | ⑨ बहुसांस्कृतिक सहजीवनप्रतिको बुझाइलाई वृद्धि गरी वातावरणको व्यवस्था मिलाउने। | अन्तर्राष्ट्रिय निवासी फेस्टिबलको आयोजना। मानव अधिकारलाई महत्त्व दिने गरी त्यसको बुझाइलाई बढाउने। |
| | ⑩ विदेशी नागरिकहरूले स्थानीय तथा सामाजिक कार्यक्रमहरूमा सजिलै भाग लिन सक्ने गरी सहयोग गर्ने। | अन्तर्राष्ट्रिय आदानप्रदान, राष्ट्र तथा क्षेत्र नाघेर एकअर्कालाई बुझ्ने कुरालाई बढाउने। |
| प्रत्येकको राम्रो गुणलाई विकास गर्ने सहरको निर्माण | ⑪ विदेशी नागरिकहरूको पनि मद्दत लिई नारिता सहरका राम्रो कुराहरूको वृद्धि गरी विश्वव्यापीकरणप्रति तयारी गर्ने। | नारिता ब्रान्डको विकास गर्ने। युनिभर्सल टुरिजमलाई अघि बढाउने। |

प्रकाशन: नारिता सहर

सम्पादन: निवासी जीवनयापन विभाग निवासी आपसी सहयोग शाखा

〒286-8585 चिबा जिल्ला नारिता सहर हानाजाकीच्यो 760

फोन0476-20-1507

प्रकाशन मिति: रेइवा 3 (2021) साल डिसेम्बर

दर्ता नम्बर: सेइक्यो 21-049

